"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इलाम, १ नं. प्रदेश, नेपाल

Green Ilam

पत्र संख्या:- पूर्वाधार विकाश महाशाखा ०७८/०७९ मिति:- २०७८/१२/१५

चलानी नं. :- ३३६८

## विद्युतिय बोलपत्र आब्हान सम्वन्धि सूचना।

प्रथम पटक प्रकाशित मिति : २०७८/१२/१६

यस कार्यालयद्धारा निम्न निर्माण कार्य विद्युतिय बोलपत्र (इजिपि सवमिसन) खरीद प्रकृयाको माध्यमबाट मात्र गराउनु पर्ने भएकोले नेपाल सरकारवाट संम्बन्धित कार्य गर्न इजाजत प्राप्त, इच्छुक, योग्य निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको विद्युतिय बोलपत्र आह्वान गरिन्छ।

१. बोलपत्र खरीद प्रकृया **इ-जिपि** सवमिसनको माध्यमबाट मात्र गरीएकोले विड डकुमेण्ट www.bolpatra.gov.np/egp वाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्रसाथ बोलपत्र खरिद दस्तुर वापत यस कार्यालयको आन्तरीक राजश्व खातामा जम्मा गरेको सम्बन्धित ठेक्का नं र कार्यको नाम प्रस्ट संग लेखिएको नगद दाखिला भौचर वा विद्युतिय माध्यमबाट खरीद दस्तुर दाखिला गर्नको लागी विवरण निम्नानुसार रहेको छ। बोलपत्र फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन।

बैंकको नाम :- नेपाल बैक लि. इलाम आन्तरीक राजश्व खाता नं. :- ग-१.१ ०४००३००००१००१००००००१

Details For IPS :

Bank Name : 0101- Nepal Bank Limited Bank Branch : 40-Ilam

Account No. : 04003000001001000001 Account Name : GA1.1 ILAM NA. PA. AANTARIK RAJASWA

३. बोलपत्रसाथ बोलपत्रदाताले चालु आ.व. सम्म नवीकरण वा अद्यावधिक भएका निम्न कागजातहरु अनीवार्य पेश गर्नु पर्नेछ।

- व्यवसाय दर्ता प्रमाण पत्रहरु (कम्पनी रजिष्टार कार्यालयमा दर्ता/ घरेलु कार्यालयमा दर्ता/ स्थानीय तहमा वा सो सम्वन्धि अन्य कागजातहरु)
- निर्माण/ आपुर्ति व्यवसाय इजाजत प्रमाण पत्र (भौतिक योजना मंत्रालयबाट जारी गरीएको इजाजत पत्र/ जिल्ला प्रशासन कार्यालय इजाजत पत्र/ जिविस वा स्थानीय तह/ बणिज्य कार्यालय वा संम्वन्धित निकाय बाट प्रदान भएको इजाजत पत्र वा सो सम्वन्धि अन्य कागजातहरु)
- मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र
- आ.ब. ०७७/०७८ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
- एक भन्दा बढी व्यक्ति साझेदारको रुपमा रहेको/ भएको फर्म/ कम्पनी/ सप्लायर्सले मात्र पावर अफ अटोर्नी (अधिकार पत्र) पेश गर्नु पर्नेछ। एक व्यक्ति मात्र प्रोपराईटर (मालिक) भएको फर्म को प्रोपराईटर (मालिक) ले नै बोलपत्र पेश गर्दा पावर अफ अटोर्नी (अधिकार पत्र) आवश्यक पर्ने छैन।
- नवीकरण नभएको/ बोलपत्रको कागजातमा उल्लेख भएको कागजात पेश नभएको/ सुचना तथा बोलपत्र कागजात अनुसार नभएको लगायत कुनै आवश्यक कागजात छुट हुन गएकोमा उक्त बोलपत्र मुल्याङ्कनमा समावेस हुने छैन।

४. बोलपत्र तपसिलमा उल्लेखित मितिको दिनको १२.०० वजे भीत्रमा इ-सवमिसन मार्फत मात्र दर्ता गर्न सकिनेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको १२.१५ वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र बिभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र खरिद गरिने अन्तिम दिन/ बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र बुझाउन सकिने छ। यस बिषयमा सार्वजनीक खरीद अनुगमन कार्यालयले गरेको निर्णय/ परिपत्र वा यस सम्वन्धि कुनै सम्वन्धित कुरा/ निर्णय सोहि अनुसार हुनेछ र सोहि नै अन्तीम हुनेछ।

६. बोलपत्र साथ ने.वै.लि. इलाम स्थित इलाम नगरपालिकाको धरौटी खाता नं. ग-३.० ०४००३००००३०००००००००१ मा फर्म/ सप्लायर्सको नामवाट तपसीलमा उल्लेखित बोलपत्र जमानत (नगरपालिकाले माग गरेको समयमा नगरपालिका लाई भुक्तानी हुने वैक ग्यारेन्टी) वापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गका वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) अपलोड गर्नु पर्नेछ। सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का नं. र कार्यको नाम अनीवार्य उल्लेख भएको हुनु पर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र बोलपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ।

७. एउटा फर्मका नामवाट उल्लेखित ठेक्का नं. तथा नामको बोलपत्र खरीदका लागी रकम जम्मा गरीएको वैक भौचर/ नगदी रसिद बाट अर्को फर्मले बोलपत्र दाखिला गर्न पाईने छैन।

८. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ।

९. अन्य विस्तृत विवरण बोलपत्रको विड डाटा सिट मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्र दाताको हुनेछ।

ज्ञानी बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

**इलाम नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

इलाम, १ नं. प्रदेश, नेपाल

Green Ilam

पत्र संख्याः- पूर्वाधार विकाश महाशाखा ०७८/०७९ मितिः- २०७८/१२/१५

चलानी नं. :- ३३६८

१०. सूचना तथा बोलपत्र कागजातको शर्त विपरित भएको वा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. बोलपत्रको परीक्षण स्विकृत बोलपत्र कागजात अनुसार हुनेछ र सम्पुर्ण निर्माण लगायत कार्यको परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्चहरु बोलपत्र कागजातमा संलग्न वि ओ क्यू को सम्वन्धित दररेट महलमा नै समावेश गर्नुपर्नेछ । सो दररेटलाई उल्लेखित सम्पूर्ण खर्चहरु समाबेस भएको मानिनेछ ।

१२. दररेट पेश गर्दा भ्याट बाहेकको पेश गर्नुपर्ने छ । दररेट महलमा उल्लेखित दररेट भ्याट वाहेकको मानिनेछ ।

१३. बोलपत्रदाताहरुले आफ्नो बोलपत्र दाखिला गर्नु अगावै बोलपत्रमा उल्लेखित विवरण अनुसार योजनाको स्थलगत निरीक्षण गरि पेश गर्नु पर्नेछ ।

१४. अनुभवका प्रमाणपत्र/ लेखा परिक्षण/ कम्पनी वा फर्म दर्ता प्रमाणपत्र/ इजाजत पत्र तथा माग भएका अन्य प्रमाणपत्रहरु पेश गर्दा प्रस्ट सँग बुझिने सक्कलै स्क्यान गरेको वा स्पष्ट फोटोकपिको स्क्यान भएको हुनुपर्नेछ ।

१५. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद (संसोधन सहित) ऐन २०६३, र सार्वजनिक खरिद (संसोधन सहित) नियमावली २०६४, स्थानीय सरकार संचालन (संसोधन सहित) ऐन २०७४, प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णयअनुसार हुनेछ ।

१६. बोलपत्र शर्तरहित मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

१७. बोलपत्रको सुचना तथा अन्य कुनै कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी विना कारण सबै बोलपत्र पुरै वा आंशिक रूपमा स्वीकार/ स्विकृत गर्ने वा अस्वीकार/ अस्विकृत गर्ने वा सूचनानै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहकोछ ।

**१८. इजिपि पोर्टलमा जेनेरेटेड भएको सुचनामा उल्लेख भएका विषय/व्यहोरा र कार्यालयले छुट्टै अपलोड (Additional Upload) गरेको सुचना लगायत कागजातमा उल्लेख भएका विषय/व्यहोराहरुमा भिन्नता देखिएमा कार्यालयले छुट्टै अपलोड (Additional Upload) भएका विषय/व्यहोराहरुलाई मात्र आधिकारीक मानिनेछ ।**

१९. बोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको पूर्वाधार विकाश महाशाखा वा यस कार्यालयको वेवसाईट www.ilammun.gov.np मा सम्पर्क गर्न/ हेर्न सकिनेछ ।

**विद्युतिय बोलपत्र सम्बन्धि विवरण**

| बोलपत्रको विवरण तथा ठेक्का नं. | लागत अनुमान रकम (पिएस सहित तथा भ्याट बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र खरीद दस्तुर रु. तथा खरिद गर्न सकिने अवधि | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| Construction of Community Conference Hall Ilam Municipality-04, Ilam (Contract No : imoilam/ncb/works/08-078/079) | १,१८,४१,८५९/६२ | ३,५०,०००/०० (बोलपत्र दाखिला गर्ने अन्तिम दिन देखि १२० दिन म्याद भएको) | ३०००.०० (२०७९/०१/१६ गते १२:०० बजे भित्रमा) | २०७९/०१/१६ गते १२:०० बजे भित्रमा | २०७९/०१/१६ गते १२:१५ बजे | |

...........................

काली बहादुर भुजेल

प्रमुख प्रशासकिय अधिकृत